वर्ष : २०, अंक : ०७, काठमाडौं, २०८१ जेठ १८ गते शुक्रबार, 31 May, 2024, Friday पृष्ठ : ८, मूल्य रू : १०/-

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

डिजिटल प्लेटफर्ममा मधेशवाणी

https://www.facebook.com/madheshvaninews

https://twitter.com/madheshvani

https://www.youtube.com/@madheshvanit.v.7538

https://www.madheshvani.com

## नौलो गणतन्त्र ल्याएरै छाड्छौं : डा.राउत



काठमाडौं । जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले नेपालमा नौलो गणतन्त्र ल्याएरै छोड्ने दाबी गरेका छन् ।

जनमत पार्टीद्वारा मंगलबार काठमाडौंको भृकुटीमण्डलमा गणतन्त्र दिवसको अवसरमा आयोजित नौलो गणतन्त्रको आन्दोलन घोषणा कार्यक्रम डा.राउतले सो दाबी गरेका हुन् ।

उनले भनेका छन्, ‘ प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र र संघीयता यो देशमा हामीले ल्याऔं - नौलो गणतन्त्र पनि ल्याएरै छोड्छौं - हामीले प्रमाणित गर्यौं ।’

उनले नेपालको संसद् तथा सरकार मुख्य चार नेताका कब्जामा रहेको टिप्पणी गरेका छन् । उनले संसद्मा प्रस्तुत बजेटमा एक महिनासम्म छलफल हुने तर कमा, फुल स्टप केही परिवर्तन नहुने र चार जना नेताले जे भन्छन् त्यही हुने गरेको टिप्पणी गरे ।

उनले भने, ‘चार दलका नेताहरूले संसद्लाई बन्धक बनाउनु भएको छ, संसद् मात्र होइन, वर्षौंदेखि त्यही नेता प्रधानमन्त्री, मन्त्री हुने गर्नुभएको छ, यसबाट मुक्तिका लागि नौलो गणतन्त्रको घोषणा गर्नुको विकल्प छैन ।’

देशलाई विकल्प दिनेगरि नौलो गणतन्त्रका लागि संघर्ष सुरु गरेको बताउँदै उनले २०८४ अघि नै नौलो गणतन्त्रका लागि आन्दोलन सुरु गरिसक्नुपर्ने धारणा राखे । उनले भने, ‘जबसम्म देशको उन्नति प्रगति हुँदैन, विकास हुँदैन, बालबच्चाको शिक्षा र रोजगारमा पहुँच हुँदैन तबसम्म संघर्ष जारी रहन्छ ।’

यसैगरी, जनमत पार्टीका उपाध्यक्ष ई.बसन्त कुशवाहाले जनमत पार्टी मधेश प्रदेशमा निर्णायक अवस्थामा रहे पनि पार्टी सत्ता र कुर्सीका लागि सरकारमा नजाने बताए ।

उनले जनतासँग वाचा गरेको कुरा पुरा गर्न मात्र आफ्नो पार्टी सरकारमा जाने गरेको दाबी गरे । अगामी चुनावमा जनमत पार्टी निर्णायक हुनुपर्ने कुरामा जोड दिँदै उनले त्यसका लागि ४० लाख सदस्य बनाउनुपर्ने बताए । उनले जनमत पार्टीले मधेशलाई मात्र होइन देशलाई पनि विकल्प दिने बताए ।

यस्तै, अर्का उपाध्यक्ष नरसिंह चौधरीले मधेशमा सीके राउतकै चर्चा रहेको बताउँदै सबै पार्टीका अध्यक्षहरू सरकारमा जान तछाडमछाड गर्छन् तर जनमत पार्टीका अध्यक्ष सरकारमा नगएर पार्टी सञ्चालन गर्नुहुन्छ । त्यसैले जनताले उहाँको प्रशंसा गर्छ,’ उनले भने ।

अर्का उपाध्यक्ष ई. दीपक साहले पार्टीमा सबैले अनुशासन पालन गर्नुपर्ने कुरामा जोड दिए । उनले जबसम्म अनुशासनमा पार्टी चल्दैन तबसम्म कुनै उद्देश्य प्राप्ति नहुने बताए ।

महासचिव चन्दन सिंहले संघीय सरकारले मधेशसँग बजेटमा बेइमानी गरेको बताउँदै मधेशी जनताले आफ्नो हकका लागि लड्नुपर्ने बताए ।

## नेपाल वन नेशन वन स्टेटको सिद्धान्तले बनेको होइन : महतो




पाँचथर । पूर्वउपप्रधानमन्त्री एवं राष्ट्रिय मुक्ति क्रान्तिका संयोजक राजेन्द्र महतोले नेपाल वन नेशन वन स्टेटको सिद्धान्तमा नबनेको बताएका छन् ।

राष्ट्रिय मुक्ति क्रान्तिले शनिबार पाँचथर जिल्लाको फिदिममा आयोजना गरेको अन्तक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै महतोले ४ जात ३६ वर्णको साझा फूलबारी हो भनेर पृथ्वीनारायण शाहले भनेका थिए एक राष्ट्र, एक पहिचान लाद्न खोजियो भनेका छन् ।

उनले भने, ‘नेपाल वन नेशन वन स्टेटको सिद्धान्तले बनेका होइन । तर एकल पहिलान लाद्न खोजियो ।’ आफु ३५ वर्षदेखि लगातार अधिकार र पहिचानको लागि लडाइँ लडेको बताउदै महतोले सफलताका लागि ताम्सालिङ, नेवा, थरुहट, मधेशी, राई, लिम्बु, सबै एक भए मात्रै पहिचानको आन्दोलन सफल हुने बताए । महतोले राष्ट्रिय मुक्ति क्रान्ति आफुले नेपाल सबैको देश बनाउन र सबैले पहिचान पाउनका लागी सुरु गरेको पनि बताए ।

कार्यक्रममा अभियानका सनम लिम्बू सहित बुद्ध छिरिङ मोक्तान, मधुराज केरुङ ,सुमन सायमी, अनिल महासेठ, कमल हाङ्सरुम्बा, सुनिल हाङ्वा, कुमार यवा, केशव झा, कमला गुरुङ, सागर केरुङ, र सन्तोष मेहता लगायतका सहभागी थिए । महतोले नेपाल किन सबै नेपाली बन्न नसकेको भन्दै प्रश्न उठाउदै देश यो अवस्थामा पुग्नु पछिको कारक तत्त्व के हो ? भनेर विश्लेषण गर्नुपर्नेमा जोड दिए । ‘हामीले त सात ओटा संविधान बनायौं, महतोले भने तर अमेरिका जो संसारको शक्तिशाली र सम्पन्न राष्ट्र हो, उसको जम्मा एउटा संविधान छ । छिमेकी देश भारतले ७० वर्षमा जम्मा एउटा संविधान बनायो । सयौं पटक संशोधन गऱ्यो । ऊ कति शक्तिशाली बन्दै छ । हामीले ७० वर्षमा ७ ओटा संविधान बनाउँदा पनि किन कंगाल छौं ?’ उनले भनेका छन् ।

## जनकपुरधाममा श्रमाधान रोजगार मेला हुँदै

जनकपुरधाम । मधेश प्रदेशको जनकपुरधाममा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको आयोजनामा श्रमाधान रोजगार मेला शनिबारदेखि शुरु हुने भएको छ । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, श्रम तथा यातायात मन्त्रालय मधेश प्रदेश, जनकपुरधाम उपमहानगरपालिकाले संयुक्त आयोजनामा तथा नेपाल उद्योग परिसंघको सह आयोजनामा शनिबार र आइबार दुई दिन सञ्चालन हुने मेलाको श्रममन्त्री डोल प्रसाद अर्यालले उद्घाटन गर्नेछन् ।

मेला बारेमा जानकारी दिन जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा श्रम मन्त्रालयका उपसचिव एवं मेलाका मधेश प्रदेश संयोजक दिपेन्द्र पौडेलले मेलाले श्रमिक र रोजगारदातालाई जोड्ने बताए । उनले मेलाले रोजगार खोज्ने, रोजगारदाता र विभिन्न क्षेत्रका सरोकारवालाहरूलाई एकै ठाउँमा ल्याएर कार्यक्रमले नेटवर्किङ र रोजगारीको लागि अनुकूल वातावरण सिर्जना गर्ने विश्वास व्यक्त गरे । उनले मधेश प्रदेशमा हुने मेलामा बेरोजगार युवाहरूको ज्ञान, सीप, क्षमताका आधारमा मागहरू सङ्कलन गरिने पनि बताए । सबै सरोकारवालाहरूलाई सक्रिय सहभागिताका लागि समेत उनले आग्रह गरे ।

श्रम तथा यातायात कार्यालय जनकपुरधामका प्रमुख धर्मराज रोकायाले मधेश प्रदेशमा हुन गइरहेको श्रमाधान रोजगार मेलाले रोजगारदाता र श्रमिकहरूमा उत्साह थपिएको बताए । मेलामा सहभागिताका लागि ३५ स्टल राखिनेछ । हालसम्म ३० भन्दा धेरै स्टल बुकिङ भइसकेको पनि उनले जानकारी दिए ।

नेपाल उद्योग परिसंघ सिआइएनका मधेश प्रदेश संयोजक प्रमोद साहले मेलाको उद्देश्य देशमै रोजगारी उपलब्ध गराउने रहेको बताए । “हाम्रा युवाहरू अन्तर्राष्ट्रिय विमानस्थलमा लाइन लागेर बस्नु परेको अवस्था छ । त्यो भिडभाडलाई कम गर्न मेला सहयोगी बन्नेछ । हामी अब नेपालमै रोजगारीको अवसर खोज्न सक्छौं । हामी उद्योगीहरूले पनि राम्रो तलब दिन सक्छौं ।” उनले भने । उनले सीपको अभावले श्रमिकले रोजगारी पाउन नसकेको बताए ।

जेठ ३० गतेसम्म सातै प्रदेशमा सञ्चालन हुने मेलाको आज प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले कोशी प्रदेशको विराटनगरमा उद्घाटन गरी सुरु गरेका छन् । मेला हरेक प्रदेशमा २ दिनसम्म चल्नेछ ।

मधेश प्रदेशको जनकपुरमा १९ र २० गते, गण्डकी प्रदेशको पोखरामा जेठ २१ र २२ गते, लुम्बिनी प्रदेशमा बुटवलमा २३ र २४ गते, कर्णाली प्रदेशको वीरेन्द्रनगर सुर्खेतमा जेठ २५ र २६, सुदूरपश्चिम प्रदेशको धनगढीमा जेठ २७ र २८ गते, र बागमती प्रदेशको ललितपुरमा जेठ २९ र ३० गते मेला सञ्चालन हुनेछ ।

## मधेशका मुख्यमन्त्रीले २३ गते विश्वासको मत लिने



जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले यही जेठ २३ गते बस्ने प्रदेश सभाको बैठकमा आफूले विश्वासको मत लिनका लागि प्रस्ताव प्रस्तुत हुने जानकारी दिएका छन् । उनले भने, “मैले अहिलेसम्म इमानदारी र निष्पक्षरुपमा काम गर्दै आएको छु । जेठ २१ गतेदेखि बजेट अधिवेशन सुरु हुने र २३ गते आफूले विश्वासको मत लिने दिन तय भएको प्रस्ताव रहेको छ ।”

जनकपुरधाममा पत्रकारहरूसँगको कुराकानीमा मुख्यमन्त्री यादवले कानूनअनुसार नै सरकारले स्थानीय तहलाई सशर्त अनुदान वितरण र विभिन्न मन्त्रालयबाट रकमान्तर हुने जानकारी दिए । मुख्यमन्त्री यादवले पालिकाहरूले सशर्त अनुदानका लागि ताकेता गरिरहेकाले कानुनअनुसार नै पैसा पठाइने बताए । “सशर्त सबै पालिका प्रमुखले सोधिरहनु भएको छ । प्रदेश सरकारको काम कर्तव्यअनुसार हामीले काम गरिरहेका छौं,” उनले भने । उनले आफू अल्पमतको मुख्यमन्त्री नभएको दाबी गरे ।

एक सय सात सदस्यीय मधेश प्रदेशसभामा १० दल सहभागी छन् । सरकार गठन गर्न प्रदेशसभाका ५४ सांसदको समर्थन आवश्यक पर्छ । प्रदेश सभामा नेकपा (एमाले)का २५, नेपाली कांग्रेसका २२, जनता समाजवादी पार्टी ( जसपा) नेपालका १९, जनमत पार्टीका १३, नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का नौ, लोकतान्त्रिक समाजवादी पार्टीका नौ, नेकपा (एकीकृत समाजवादी)का सात तथा राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा), नेपाल सङ्घीय समाजवादी र नागरिक उन्मुक्ति पार्टीका एक-एक सांसद छन् ।

यसैबिच, मुख्यमन्त्री यादवलाई एमाले, जनमत पार्टी, माओवादी केन्द्र र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले सरकारले दीर्घकालीन असर पर्ने खालका निर्णयहरू नगर्न ध्यानाकर्षण गराएका थिए । पछिल्लो समय जसपा नेपालको विभाजनले मधेश प्रदेशको सरकार अल्पमतमा परेको जनाइएको छ । नयाँ सरकार कुन दलको नेतृत्वमा हुने भन्ने टुङ्गो छैन । सरकार गठनमा ‘निर्णायक’ अवस्थामा रहेका साना दलहरू आफैं मुख्यमन्त्रीमा दाबी गर्न थालेपछि ठुला दललाई अप्ठ्यारो परेको जनाइएको छ ।

## ‘संसदीय व्यवस्था फालेर राष्ट्रपतीय प्रणालीमा जानुको विकल्प छैन’




काठमाडौं । वर्तमान शासन व्यवस्थालाई फालेर राष्ट्रपतीय प्रणालीमा जानुपर्ने वक्ताहरुले जोड दिएका छन् । मंगलबार राजधानीको संवाद डबलीमा आम जनता पार्टीले ‘गणतन्त्र कस्को ? दलको कि जनताको’ बिषयक सर्बपक्षीय अन्तरक्रियामा बोल्ने वक्ताहरुले तेस्रो जनाआन्दोलन् गरेर भएपनि यो व्यवस्था बदल्नु पर्नेसमेत सुझाएका छन् ।

आम जनता पार्टीका अध्यक्ष प्रभू साहलेठूलो बलिदानीबाट प्राप्त गणतन्त्र मुट्ठीभरको स्वार्थमा सिमित भएकोले यसको विकल्प खोज्न जरुरी भएको बताएका छन् । अहिले देशमा वर्तमान व्यवस्था जनताको पक्षमा नरहेको बताउँदै भने,“आम जनता लाचार, तर दलका नेता र तिनका सिमित आसेपासेहरु मालामाल रहेको कहालिलाग्दो स्थितिलाई हामिले कहिलेसम्म सहने ।” वर्तमान लुटकारी चरित्रको दलाल दलतन्त्र र भगौडा पुँजीवादी व्यवस्थाको भण्डाफोर गर्नुपर्नेमा अध्यक्ष साहको जोड छ । “यो विकृत संसदिय व्यवस्थाको समुल नस्ट गर्दै आम जनताको सर्बोच्चतासहितको शासन-सत्ता ल्याउन तेस्रो जनआन्दोलनको अपिल गर्दछौं ।”

क्रान्तिकारी कम्युनिस्टा पार्टीका प्रवक्ता धमेन्द्र बास्तोलाले वर्तमान संसदिय व्यवस्था दलालहरुको कब्जामा रहेको जिकिर गर्दै, यसको निकासका लागि बिद्रोह गर्नुपर्ने धारणा राखे । बास्तोलाले अहिलेको खिचडि र स्वार्थ केन्द्रीत व्यवस्थामा रहेर देश बरबाद भन्दा केही नहुने दाबी गरे । “यसको परिधिमा रहेर प्रचण्ड,केपी, प्रभू साह वा स्वयम म आफै भएपनि केही हुनेवाला छैन ।” बास्तोलाले थपे ।

नेपाल बार एसोसियसनका अध्यक्ष गोपाल कृष्ण घिमिरेले वर्तमान न्याय प्रणाली र देशको शासन प्रणाली जनमुखी नरेकोले यसमा व्यापक संशोधन र सुधार गर्नु पर्नेमा जोड दिए । अध्यक्ष घिमिरेले हरेक नेता तथा कार्यकर्ता दलभन्दा माथि उठेर देश र जनताको पक्षमा लाग्नुपर्नेसमेत सुझाए ।

प्रा.डा.सुरेन्द्र केसीले जनताले ठूलो त्यागतपस्या गरेर ल्याएको गणतन्त्रलाई दलहरुले निश्चित वर्गको लुटको स्वर्ग बनाउने आधार बनाएको आरोप लगाएका छन् । उनले भारतमा संविधान निर्माण गर्दा ६ करोड लागेको तर नेपालको संविधान बानाउन अरबौं-अरब लाग्नु दुःखत भएको बताउँदै भने,“संविधान निर्माण गर्दाखेरी नै देश कंगाल बनाउने आधार खडा भइसकेको थियो ।” एक अर्को प्रशंगमा डा.केसीले वर्तमान विज्ञान र प्रविधिको विकासले हरेकको हातहातमा मोबाईल भपछि ठूला कर्पोरेट मिडिया आवश्यक नरहेकोसमेत बताउँदै भने,“ठूला भनिएका मिडियामा जनताको विश्वास उडेपछि किन चाहियो कान्तिपुर जस्ता मिडिया ।”

नगरिक अगुवा सन्दरमणी दिक्षीतले जन आन्दोलनमार्फतराजा फालेर ल्याइएको गण्तन्त्रमा पनि अनगिन्ति छोटे राजाहरुले देशलाई असफल बनाउन लागेको आरोप लगाए ।संसदिय व्यवस्थामा संसद मन्दिर तुल्य भए पनि अहिले त्यसलाई माजाक बनाईरहेकोप्रति रोष प्रकट गर्दै दिक्षीतले भने,“अहिले सत्ता र प्रतिपक्ष कोही पनि जिम्मेवार देखिएनन्, त्यसैले बिद्रोह गरेर भएपनि यो व्यवस्था खारेज गरेर राष्ट्रपतीय प्रणालीमा जानुपर्छ ।”



आफ्नै शासनसत्ताको अभ्यास हुने गरी राष्ट्रिय मुक्ति क्रान्ति अगाडि बढिरहेको छ

केशव झा

नेता, राष्ट्रिय मुक्ति क्रान्ति

अन्तर्वार्ता पृष्ठ ३ मा

## सम्पादकीय

# कृषिमा आत्मनिर्भर बनाउन आँपको भूमिका

प्रसंग हो मधेशको आँपको । मधेश आँपको राजधानी पनि हो । मधेशका सबै जिल्लामा आँप उत्पादन हुन्छ तर बजार पाउँदैन । फलतः नेपाली बजारमा विदेशी आँपको बिगबिगी रहन्छ । किसानले चर्को गर्मीमा उत्पादन गरेको आँपले बजार नपाउँदा उसले गरेको लगानी र मेहनत खेर गइरहन्छ । आँप खेती गर्दा आर्थिक उपार्जन त हुन्छ नै साथसाथै दिगो आर्थिक स्रोतलाई पनि यसले बढाबा दिन्छ । मधेशमा माल्दह, बम्बइ, कलकतिया, कृष्णभोग, दसहरी, केरबा, गुलाबखासजस्ता जातका आँप उत्पादन हुने गरेको छ । मधेशका सबै जिल्लामा ९० प्रतिशत खेती यी आँपको हुन्छ ।

अघिल्लो वर्ष आँप उत्पादनका लागि मौसम अनुकूल नभएको र आँपमा लाग्ने मधुवा किटाणुका कारणसमेत उत्पादनमा कमी आएको थियो । पछिल्लो तथ्यांकअनुसार नेपालमा ४६ हजार चार सय ६९ हेक्टरमा आँप खेती हुन्छ । त्यसमध्ये ३८ हजार तीन सय ५२ हेक्टरमा आँपको प्रचुर मात्रामा उत्पादन हुन्छ । बजारमा अहिले बार्षिक २७ लाख ७८ हजार चार सय ७८ मेट्रिक टन आँपको खपत भइरहेको छ ।

नेपालबाट १२ लाख २३ हजार सात सय ६८ किलो आँप भारतलगायतमा मुलुकमा निर्यातसमेत भइरहेको छ । सरकारी तथ्याङ्कअनुसार सबैभन्दा बढी सप्तरी र सिराहा जिल्लामा आँप उत्पादन हुन्छ । सप्तरीमा पाँच हजार हेक्टरबाट ३५ हजार मेट्रिक टन र सिराहामा पाँच हजार हेक्टरबाट २० हजार मेट्रिक टन उत्पादन हुन्छ । त्यसपछि महोत्तरी, कपिलवस्तु, धनुषा, सर्लाही र रौतहटलगायत ७० वटा जिल्लामा उत्पादन हुन्छ । आँपमा नेपाललाई आत्मनिर्भर हुन ६१ लाख ९३ हजार मेट्रिक टन उत्पादन गर्नुपर्ने अवस्था छ ।

मरूभूमिले भरिएको देश त आर्थिक समृद्धिमा छलांग मारेको हामी मध्ये धेरैले देखेकै छन् । माटोबिना तरकारी फलाएको, गर्मी मुलुकमा स्याउ फलाएको हामी धेरैले देखे सुनेका छौं । सबैखोले मौसम र जलवायु, खेतीयोग्य जमीन, पर्याप्त जनशक्ति हरेक दृष्टिले हामी नेपाली अब्बल छौं । तर अभाव छ त यिनको उपयुक्त उपयोगको । नेपाल कृषिप्रधान मुलुक हो भनेर भाषण गर्ने र विदेशीलाई परिचय दिलाउने शब्द मात्र भएको छ अहिले ।

हाम्रो करेसाबारीमा सजिलै फलाउन सकिने खुर्सानी, मेथी, धनिया, ज्वानोजस्ता सामाग्रीसमेत विदेशबाट नल्याएसम्म खान नपाइने अवस्था छ । तीस प्रतिशतभन्दा बढी जमीनले कुनै बीऊ, बेर्ना देख्न पाउँदैनन, बाह्रै महिना बाँझो बस्छन् । निर्यातको सपना देख्ने र देखाउने भन्दा पनि यस्ता विषयमा घोत्लिनु आवश्यक छ । आत्मनिर्भर बनाउन कृषि विकास मन्त्रालयले पाँच बर्षे कार्यक्रम पनि सुरू गरेको छ तर त्यसको प्रभावकारिता देखिएको छैन । स्थानीय उत्पादित आँपले उचित मूल्य नपाएको गुनासो किसानको छ । व्यापारीले बाहिर जिल्लाबाट आँप ल्याएर सस्तो मूल्यमा बिक्री गर्न थालेका कारण स्थानीयले उत्पादन गरेको आँपले उचित मूल्य पाउन नसकेको हो ।

अर्को कुरा, नेपालको धेरैजसो कृषि उपज निर्यातमा अवरोध छन् । हामीले अन्तर्राष्टिय गुणस्तरमा उत्पादन, प्याकेजिंग र परिमाण आपूर्ति गर्न सकेका छैनौं । न त हामीले आफूसँग उत्पादित कृषि उपजको स्वदेशी बजारको व्यवस्थापन नै गर्न सकेका छौं । त्यसैले मधेशमा कमी स्रोतको होइन, स्रोतलाई आर्थिक सामर्थ्यमा रूपान्तरण गर्ने दूरदृष्टि र रणनीतिको मात्र अभाव हो । स्रोतको उपयोगमा प्रदेशहरूबीच आपसी साझेदारी संघीयताको आर्थिक आयाममा प्रभावकारी उपाय बन्न नसक्ने कारण छैन ।

# माछामासु खानेको स्वास्थ्यसँग खेलबाड



अजय कुमार झा

आम मानिसको स्वास्थ्यलाई मध्यनजर गर्दै कृषि उपजमा “आलीदेखि थालीसम्म” तथा “दूधमा गोठदेखि ओठसम्म” र मासुमा “वधशालादेखि पाकशालासम्म” स्वच्छता हुनुपर्ने अभियानलाई देशभर निरन्तर चलाउनुपर्ने देखिन्छ ।

नेपाल कृषि प्रधान देश हो । यहाँ दुई तिहाई जनसंख्या कृषि पेशामा आधारित छन् । पशुपालन क्षेत्र नेपालको कृषि प्रणालीमा अभिन्न अंगको रुपमा रहेको छ । पशुपंछी तथा मत्स्यपालन क्षेत्रले देशको कुल गार्हस्थ्य उत्पादनमा करिब १२.३१ प्रतिशत र कुल कृषि गार्हस्थ्य उत्पादनमा ३०.९८ प्रतिशत योगदान गरेको छ । मातृ तथा बालबालिका कुपोषणको समस्या न्यूनीकरणमा दूध, अण्डा, माछामासुको महत्वपूर्ण भूमिका रहेको छ । बढ्दो जनसंख्या र शहरीकरणका साथै खानपिनको व्यवहारमा भएको परिवर्तनले गर्दा पशुपंछी तथा मत्स्यजन्य पदार्थहरुको माग वढ्दै गएको छ । पशुपालन व्यवसाय तथा प्रविधिको आधुनिकीकरण गर्दै पशुजन्य पदार्थको उत्पादन तथा उत्पादकत्वमा बृद्धि गरि आत्मनिर्भर हुनुका साथै निर्यातको सम्भावना बोकेको छ । यसर्थ पशुपंछी क्षेत्रको दिगो विकासद्वारा खाद्य सम्प्रभुता र समृद्धि वर्तमान आवश्यकता हो । तर माछा मासु उद्योग व्यवसाय गुणस्तर निर्धारण तथा नियन्त्रण पनि एक महत्वपूर्ण विषयको रुपमा रहेको छ ।

त्यस्तो स्थान, जहाँ जनावरहरूलाई मासुको लागि मारिन्छ, त्यसलाई वधशाला भन्ने गरिएको छ । “पशु वधशाला” भन्नाले मासुको निमित्त पशु वध गर्न बनाइएको घर वा ठाउँ सम्झनु पर्छ । पशु वधशाला र मासु जाँच ऐन, २०५५ ले “पशु वधशाला” भन्नाले मासुको निमित्त पशु वध गर्न बनाइएको घर वा ठाउँ सम्झनु पर्छ भनी परिभाषा गरेको छ । त्यसैगरी यस ऐनले “मासु” भन्नाले मानिसले खान योग्य पशुको मासु सम्झनु पर्छ र “पशु” भन्नाले गाई, गोरु, साँढे बाहेक भाले जातको खसी तुल्याइएको वा नतुल्याइएको बोका, भेडा, च्याङ्ग्रा, सुंगुर, बंगुर, बँदेल, राँगो, खरायो वा मासुको लागि योग्य देखिएको भैंसी, बाखा, पोथी जातको भेंडा, च्याङ्ग्रा, सुंगुर, बंगुर, बँदेल वा खरायो सम्झनु पर्छ र सो शब्दले भाले वा पोथी जातको कुखुरा, हाँस, परेवा वा मासुको प्रयोजनको लागि पालिएको अन्य पशुपंक्षी समेत सम्झनु पर्छ भनी परिभाषित गरेको छ । २५ वर्षअघि पशु वधशाला र मासु जाँच ऐन ल्याइँदा “सर्वसाधारण जनताको स्वास्थ्य र हित कायम राख्न मासु तथा मासुबाट बन्ने खाद्य पदार्थमा मिसावट रोक्न र मासुमा हुने स्वस्थता तथा मासुको स्वाभाविक गुण बिग्रन नदिई उपयुक्त स्तर कायम राख्नको लागि पशु वधशाला स्थापना गर्ने र मासु जाँच गर्ने” भन्ने प्रस्तावना थियो । तर मासु बजारको अवस्थाको अवलोकन गर्दा कानून कार्यान्वयन गर्ने निकायको दृष्टि जनताको स्वास्थ्य र हित तथा मिसावट आदि विषयमा रहेको भन्ने महसुस गर्न सकिने अवस्था छैन । उपभोक्ता संरक्षण ऐन, २०५४, उपभोक्ता संरक्षण नियमावली, २०५६, खाद्य ऐन, २०२३, नेपाल गुणस्तर प्रमाण चिन्ह ऐन, २०३७, पशु वधशाला र मासु जाँच ऐन, २०५५, पशु वधशाला र मासु जाँच नियमावली, २०५७ जस्ता कानुनको तर्जुमा समेत गरिएको पाइन्छ । तर यी कुनै पनि कानूनको पहुँच मासु बजारसम्म पुगेको देखिदैन । उपरोक्त कानूनहरुको विद्यमानता हुँदा हुँदै पनि प्रत्येक स्थानीय तहले पशु वधशालाको इजाजत, व्यवस्थापन, अनुगमन प्रयोजनका लागि कानून बनाउने व्यवस्था छ र तदअनुरुप कानूनहरु बनाइएका पनि छन् । एकातिर कानूनको भरमार छ भने अर्कोतिर कानूनको प्रयोगको अवस्था शून्य छ । सबैभन्दा ठूलो कुरो कानूनले इजाजतपत्र नलिई कसैले पनि पशु वधशाला स्थापना गर्न वा मासु विक्रेताको काम गर्न नपाउने व्यवस्थाकै पालना भएको देखिदैन ।

सर्वसाधारण जनताको स्वास्थ्य र हित कायम राख्न मासु तथा मासुबाट बन्ने खाद्य पदार्थमा मिसावट रोक्न र मासुमा हुने स्वस्थता तथा मासुको स्वाभाविक गुण बिग्रन नदिन तथा उपयुक्त स्तर कायम राख्नको लागि पशु वधशाला स्थापना गर्ने र मासु जाँच गर्ने सम्बन्धमा व्यवस्था गर्न पशु वधशाला र मासु जाँच ऐन, २०५५ ल्याइएको हो ।

पशु वधशाला र मासु जाँच ऐन, २०५५ ले रोग लागी वा नलागी कालगतिले मरेको पशुको मासु तथा छाला सहितको मासु बिक्री गर्न नपाइने व्यवस्था गरेको छ भने पंक्षी, सुंगुर, बंगुर वा बँदेलको मासु र पशुको जात चिनाउन आवश्यक पर्ने जति हिस्साको मासु वा पशुको टाउको वा खुट्टा छाला सहित बिक्री गर्न भने पाइने व्यवस्था गरेको छ । त्यस्तै एक जातको पशुको मासुलाई अर्को जातको पशुको मासु हो भनी वा एक जातको पशुको मासु र अर्को जातको पशुको मासु मिसावट गरी तथा मासुको स्वाभाविक गुण वा स्वाद परिवर्तन गर्ने वा तौल बढाउने गरी कुनै पदार्थ मासुमा मिसाई बिक्री गर्न नपाइने व्यवस्था गरेको छ । यदि त्यस्ता क्रियाकलाप गरेमा त्यस्तो व्यक्तिलाई पहिलोपटक १० हजार रुपैयाँसम्म र दोस्रो पटक २० हजार रुपैयाँसम्म जरिवाना वा ३ महिना कैद वा दुवै सजाय हुने व्यवस्था छ । परम्परादेखि चली आएको चाडपर्व, धार्मिक पूजाआजा, कुनै भोज भतेर वा धार्मिक उत्सव जस्ता कार्यको सिलसिलामा पशु वधशाला बाहेकको स्थानमा पशुवध गर्न र छाला सहितको मासु उपयोग गर्न पशु वधशाला र मासु जाँच ऐन, २०५५ ले बाधा पुऱ्याएको छैन ।

वध गरेको २४ घण्टासम्म डिप-फ्रिजमा राखेको हुनु पर्ने, वध गरिने पशु चौपायालाई तनावबाट मुक्त गराइनुपर्ने, हिँडाएर ल्याएको कम्तीमा २ दिन पछि मात्र वध गर्नु पर्ने लगायत व्यवस्था गरिएको छ । पशुपंक्षीको उत्पादन नै दुग्धजन्य पदार्थ अण्डा, मासु लगायतको वस्तुको उपभोगको लागि हो । पशुपंक्षीको मासु एनिमल प्रोटिनको एक मुख्य स्रोत हो । मानिसले खान योग्य स्वस्थकर पशुपंक्षीको मासु शरीरको लागि लाभदायक मानिन्छ ।

माछा बजार (फिस मार्केट) वरिपरि एकदमै फोहोर रहेको देख्न पाइन्छ । वरिपरि रहेको दुर्गन्धित फोहोर नालाहरू एवं चौपायाको गोबर तथा बिस्टाले माछा बिक्री स्थानको वातावरण प्रदूषित बनाएको पाइन्छ । फोहोर वस्तुहरूले माछा संक्रमित हुने र यसबाट उपभोक्तालाई रोग लाग्न सक्ने हुन्छ । माछा संक्रमित भएपछि स्वस्थ माछा उपभोग गर्न पाइँदैन ।

उपभोग्य वस्तुहरु जहिले पनि सफा सुग्घर ठाउँमा बिक्री वितरण गर्नुपर्ने प्रावधान छ । राम्रो स्वास्थ्य र दीर्घायु जीवनको लागि स्वस्थ र स्वच्छ खाद्यवस्तु उपभोग गर्न पाउनु उपभोक्ताको अधिकार हो ।

कहिल्यै पनि फोहोर ठाउँ वा दुर्गन्धित नालाको छेउछाउमा खसी, बोका, कुखुरा, बंगुर, राँगाको वध गरेर मासुको बिक्री गर्नु हुँदैन । यस्तो काम मानव स्वास्थ्यको लागि हानिकारक हुन्छ । त्यसैले माछा, मासु बिक्री स्थान जहिले पनि एकदमै सफा सुग्घर हुनु पर्दछ । जहिले पनि सफा र व्यवस्थित पसलबाट मात्र मासु खरिद गर्नु पर्दछ । अधिकांश फ्रेश हाउस डर्टी हाउसमा परिणत भएका छन् । लोकल, बोईलर र लेयर कुखुरा काट्दा त्यसबाट निस्कने प्वाँख, भुँडी, खुट्टा, टाउको जस्ता वस्तुहरू व्यवस्थापन गर्ने ठाउँको एकदमै अभाव देखिन्छ । फ्रेश हाउसहरूमा झिंगा भन्की रहेको पाइन्छ । झिंगाले विभिन्न रोग फैलाउन सक्ने भएकोले झिंगा नियन्त्रणको लागि अपनाउनुपर्ने उपायहरू अवलम्बन गर्नुपर्ने देखिन्छ । कुखुरा मासुको उपभोक्ताका स्वास्थ्यसँग खेलबाड भइरहेको पाइन्छ । यस क्षेत्रमा भइरहेका यावतका विकृतिहरू हटाइनै पर्छ ।

रोग नलागेको स्वस्थ लोकल, बोईलर तथा लेयर कुखुरा मात्र बेचबिखन गर्न पाइने व्यवस्थालाई कडाईका साथ लागू गर्नु गराउनु पर्ने देखिन्छ । कुखुराको मासु सस्तो दरमा पाइने हुँदा आम उपभोक्ताले यो मासु बढी मात्रामा खरिद गर्ने गरेको पाइन्छ । बजारमा रोगी, मरेको खसी, बोका, कुखुराको मासु बिक्री भई रहेको पनि सुन्नमा आइरहेको हुन्छ । स्वास्थ्य र स्वादको लागि कहिल्यै पनि मरेको, रोगी, सडेगलेको माछा मासु सेवन गर्नु हुँदैन । जथाभावी वध गरेको तथा बिक्रीमा राखिएको मासु खानु हुँदैन । सदैव स्वस्थ र स्वच्छ माछा मासु मात्र उपभोग गर्नु पर्दछ । मासुको लागि स्वस्थ पशुपंक्षीमात्र वध गर्नु पर्दछ । स्वस्थ माछा मासु उपभोक्ताको दैनिक आवश्यकताको विषय मात्र होइन, अधिकारको विषय पनि हो । वातावरण स्वच्छ नभएको, मापदण्ड पूरा नगरी उत्पादन गरिएको मासु बिक्री स्थानलाई सुधार गर्नु नितान्त आवश्यक देखिन्छ । फोहोर ठाउँमा वध गरिएको फोहोर वा अस्वस्थ मासुले रोग निम्त्याउनुका साथै फुड प्वाईजनिङ्ग भएर ज्यानै जाने जोखिम पनि हुन्छ । आधुनिक औषधी र प्रविधिद्वारा हुर्काइएको जनावरको मासुले मुटुरोग, मधुमेह, क्यान्सरजस्ता घातक रोग निम्त्याउँछ । पशुपंक्षीबाट मानिसमा सर्ने रोगहरुमध्ये क्षयरोग पनि एक हो । धेरै मानिसमा यी रोग पशुबाटै सर्ने गरेको छ । आम उपभोक्ता दूध, दही, मासुको सेवनप्रति सचेत छैनन् । कतिपयले काँचो दूधलाई नतताई दही बनाउने, पञ्चामृतमा काँचो दूधको प्रयोग गर्ने गरिएको पाइन्छ । दूध दिने चौपाया क्षयरोगी भए स्वतः दूध पिउने मानिसमा क्षयरोग सर्ने प्रवल सम्भावना हुन्छ । क्षयरोग ग्रस्त पशुको दूध राम्ररी नउमाली सेवन गरेमा तुरुन्त क्षयरोग लाग्न सक्छ । खान अयोग्य माछा मासु बिक्री गरेर नाफा कमाउने प्रवृत्ति बढेको छ । माछा मासु व्यवसायलाई कानुनको दायरामा ल्याएको पाइँदैन । उपभोक्ता खासगरी दूषित र गुणस्तरहीन मासु प्रयोग गर्न बाध्य बनाइएका छन् । मासु पसलहरु व्यवस्थित छैनन् भने व्यवस्थित बनाउने प्रयत्न समेत हालसम्म भएको पाइँदैन । मासु व्यवसायीले न्यूनतम आधारभूत मापदण्ड समेत पालना गरेको देखिदैन । फोहोर मासुजन्य पदार्थको कारणबाट रोग लाग्न सक्छ । यसको जिम्मेवारी कसले लिन्छ त ? कहीँ हामीले पोषणयुक्त आहारको सट्टा रोग निम्त्याई रहेका त छेनौं । अव्यवस्थित तथा अस्वस्थ माछा मासु बिक्री वितरण गर्ने व्यवसायी उपर प्रभावकारी अनुगमन गरी कार्यवाही गरिनु पर्दछ ।

आम मानिसको स्वास्थ्यलाई मध्यनजर गर्दै कृषि उपजमा “आलीदेखि थालीसम्म” तथा “दूधमा गोठदेखि ओठसम्म” र मासुमा “वधशालादेखि पाकशालासम्म” स्वच्छता हुनुपर्ने अभियानलाई देशभर निरन्तर चलाउनुपर्ने देखिन्छ ।

व्यवसाय कारोबार गर्नको लागि सम्बन्धित निकायमा व्यवसाय कारोबार दर्ता गरी व्यवसाय कारोबार दर्ताको प्रमाणपत्र तथा आन्तरिक राजस्व विभागबाट जारी गरिएको स्थायी लेखा नम्बर प्रमाणपत्र लिएर मात्र व्यवसाय कारोबार गर्नुपर्ने कानुनी व्यवस्था हुँदा हुँदै पनि अधिकांश ठाउँमा मासु पसलहरू दर्ता समेत नगरी संचालनमा आएको पाइन्छ । मासु पसल दर्ता समेत नगरी मासु व्यवसाय गर्ने व्यवसायीलाई राजस्व (कर) छली गरेको अभियोग लगाई सरकारले अविलम्ब कानुनी कार्यबाही गर्नु पर्दछ ।

नेपालमा सुन्दर योजनाहरू त बन्ने तर कार्यान्वयन हुन नसक्ने अवस्था रहँदै आएको एवं सरकारले कानुन बनाउन कन्जुश्याइँ नगरे पनि सो अनुरूप कार्यान्वयनमा कडाई गर्न नसकेको अवस्था अन्त्य गर्न तथा बलियो कार्यान्वयनको लागि पालिकाहरुले आ-आफ्नो क्षेत्रमा पशु वधशाला स्थापना गरी सोही ठाउँमा मात्र पशुपंक्षी वध गरिनुपर्ने गरी संचालन गर्नु गराउनुका साथै पशुपंक्षी वध गर्नु पूर्व रोग लागेको छ वा छैन भनेर परीक्षण गराउनुपर्ने, मानिसले खान योग्य पशुको मासु बिक्री गर्ने बिक्रेताले अनिवार्य रूपमा ईजाजत लिनुपर्ने, पशु वधशालाको नियमित अनुगमन तथा निरीक्षण हुनु पर्ने एवं कार्यान्वयन हुन नसकेको अवस्थामा रहेको वर्तमान पशु वधशाला र मासु जाँच ऐन, २०५५ एवं पशु वधशाला र मासु जाँच नियमावली, २०५७ मा भएको प्रावधानहरूलाई कडाईका साथ कार्यान्वयनमा ल्याइनु पर्ने देखिन्छ ।

मुलुकमा मासुको माग र उत्पादन बढ्दै गएको छ । दैनिक आहारमा मासुखाने प्रवृत्ति बढ्दो छ । नेपाली उपभोक्तामा आहार र पोषणको चेतना पर्याप्त छैन । यिनीहरु स्वास्थ्यलाई चाहिने खानेकुरा भन्दा जिब्रोले रुचाएको कुरा खोज्छन् र खान्छन् । दैनिक वा मासिक कमाई बढेका अधिकांश मानिसहरुको सोचाई आयवृद्धिको अर्थ माछामासु खानु भन्ने परेको देखिन्छ । व्यक्तिगत रुपमा मांसाहारीहरु शाकाहारीमा परिणत हुने गरेको संख्या पनि उल्लेख्य देखिन्छन् । तर माछामासु खाने व्यक्तिले वर्ष दिनमा खाने गरेको माछामासुको मात्रा पहिलेभन्दा अहिले धेरै बढेर गएको छ । सरकारी नीतिहरु पनि माछामासुको उत्पादनमा वृद्धि ल्याउने आशयबाट प्रेरित छ । कुखुराको मासु तथा अण्डाका लागि नेपाल लगभग आत्मनिर्भर भएको छ भने केही मात्रामा मात्र मासु आयात हुने गरेको सरकारी विवरणहरुबाट देखिन्छ । दशैंका बेला मासुको खपत सर्वाधिक उच्च बिन्दुमा पुग्दछ ।

शरीरलाई चाहिने पौष्टिक तत्त्वको आपूर्ति वानस्पतिक आहार र दुग्धजन्य वस्तुबाट समेत पूरा हुने भए पनि नेपाली पोषणविद् तथा चिकित्सकहरुले माछामासु खानुमा जोड दिन्छन् । मासुमा अन्न वा विरुवाबाट आउने प्रोटिनभन्दा शरीरलाई चाहिने सबैखाले प्रोटिन र खनिज तत्त्व पाइने वैज्ञानिक धारणा देखिन्छ । मासुमा भिटामिन र चिल्लो पदार्थ पनि पाइने भएकाले यसलाई बढी पोषिलो मानिन्छ । कुपोषण हटाउन तथा शल्यक्रिया गरेका घाउ चाँडो भर्न मासुले मद्दत गर्दछ । दशैं, फागु र अन्य केही चाडपर्वमा मासु अनिवार्य खाद्यको रुपमा रहनु एक सांस्कृतिक कारणले पनि मासु एक महत्वपूर्ण आहारको रुपमा रहेको छ । विहावारी, भोजभतेर, पिकनिक, सभा,

बाँकी पृष्ठ ५ मा

# आफ्नै शासनसत्ताको अभ्यास हुने गरी राष्ट्रिय मुक्ति क्रान्ति अगाडि बढिरहेको छ

**० राष्ट्रिय मुक्ति क्रान्तिले देशव्यापीरुपमा विभिन्न कार्यक्रमहरु गर्दै आएको छ, केका लागि ती कार्यक्रमहरु भइरहेका छन् ?**

– राष्ट्रिय मुक्ति क्रान्तिले आफ्नो दोस्रो चरणको कार्यक्रमअनुसार अहिले देशव्यापीरुपमा एक महिनासम्म चल्ने विभिन्न कार्यक्रमहरु गर्दै आएको छ । केही ठाउँहरु जनप्रदर्शनका कार्यक्रमहरु गरिरहेका छौं भने केही ठाउँहरुमा बौद्धिक बहसको रुपमा हामीले आफ्ना विचार जनतासामु पुर्‍याउने प्रयत्न गरिरहेका छौं । त्यसअन्तर्गत अहिलेसम्म जनताबाट एकदमै राम्रो प्रतिक्रिया पाइरहेका छौं । एकै दिनमा चार/पाँच जिल्लामा कार्यक्रमहरु भइरहेका छन् । पछिल्ला दिनहरुमा जसरी जालझेलको राजनीति, भ्रष्टाचार, अनियमितता, कुशासन जस्ता गतिविधि भइरहेका छन्, त्यसले गर्दा जनतामा राजनीतिप्रति वितृष्णा फैलिएको बेलामा हामी यो वैचारिक बहस लिएर जाँदा जनतामा एउटा आशा पलाएको देखिन्छ । यसप्रकारका भएका सीप, स्रोत साधन र ज्ञानको आधार आफै कसरी आत्मनिर्भर हुनेबारे जनचेतना फैलाइरहेका छौं । हामीले सामुदायिक समाजवादको कुरा गरेर आर्थिक विद्रोहका कुरा सँगसँगै गरेका छौं । यो त्रियाङ्गी मार्गबाट आमजनतालाई राष्ट्रिय मुक्ति क्रान्तिबारे बुझाउँदा आकर्षित भइरहेका छन् । यो नै अन्तिम क्रान्ति हो र यो सम्पूर्ण क्रान्ति हो । यसले मुलुकमा भएका सम्पूर्ण समस्याहरुलाई समाधान गर्छ भन्ने विश्वास आमजनतामा बढ्दै गएको छ ।

**० तपाईंहरुले बहुलराष्ट्रिय राज्य स्थापनार्थ राष्ट्रिय मुक्ति क्रान्ति भन्नुभएको छ । बहुलराष्ट्रिय राज्य स्थापना गर्न सक्नुहुन्छ ?**

– बिल्कुल बहुलराष्ट्रिय राज्य स्थापना गर्छौं । हाम्रो संविधानले पनि भनेको छ कि यो मुलुक बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक राष्ट्र हो । यो कुरा हाम्रो संविधानले स्वीकार गरेको हो । हामीले मुलुक टुक्र्याउने भनेको होइन । बहुलराष्ट्रिय राज्य दुरुपयोग भइरहेको छ । यी कुराको अन्त्य भएर मुलुक झन् बलियो भएर जान्छ ।

**० राष्ट्रिय मुक्ति क्रान्तिमा जोडिन अन्य दलका नेताहरुलाई पनि आहवान गर्नुभएको थियो, कतिका नेताहरु आबद्ध हुँदैछन् ?**

– राष्ट्रिय मुक्ति क्रान्तिलाई कतिपय मानिसले यसलाई अभियानको रुपमा मात्रै बुझेका छन् । मैले अघि भनेको थिएँ कि यो अभियान भनेको त्रियाङ्गी मार्ग हो । विभिन्न पार्टीका केही व्यक्तिहरु यसमा लाग्नुभएका छन् । मन्त्री, सांसद भइसकेका कतिपय व्यक्तिहरु लाग्नुभएको छ । तर, सामान्यतया आमजनतामा यो अभियानप्रति झन् बढी उभार आएको अवस्था छ । राजनीतिप्रति जुन वितृष्णा थियो त्यसलाई हामीले सबैभन्दा उच्च कर्म हो भन्नेमा रुपान्तरण गर्दैछौं । तर, समाजमा यसलाई निच कर्म भनेर घृणा भएको छ । त्यो भाष्यलाई हामी परिवर्तन गरेर सबभन्दा उच्च कर्मको रुपमा स्थापित गर्दैछौं । त्यसले गर्दा व्यापकरुपमा फिडब्याक हामीले सबै जिल्लाबाट प्राप्त गरिरहेका छौं । हामीले नयाँ खालको विचार अघि सारेपछि आमजनताको आकर्षण पनि देखिएको छ ।



**केशव झा**

**नेता, राष्ट्रिय मुक्ति क्रान्ति**

> असार ४ गते हाम्रो नेवा राष्ट्रिय परिषद् र स्वनिगः विशेष ब्युरोले आयोजना गर्न लागेको कार्यक्रम हो । त्यो कार्यक्रममा औपनिवेशिक सत्ताले हामीलाई जसरी दास बनाएको छ, त्यो दासत्वबाट मुक्ति प्राप्त गर्ने दिनको रुपमा हामीले असार ४ गतेलाई लिएका छौं ।

**० आमजनताले कसरी हेरिरहेका छन्, ती कार्यक्रमहरुलाई ?**

– सामान्यरुपमा जनताले बुझ्दा राष्ट्रिय मुक्ति क्रान्ति पनि एउटा नयाँ पार्टीको रुपमा आयो भन्ने खालले बुझिरहेका छन् । तर, हामीले बुझाइसकेपछि होइन यो त समग्रमा हाम्रो जीवन पद्धति, ज्ञान, शासनसत्ता, अर्थराजनीतिका कुराहरु छन् भनेर बुझिरहेका छन् । राष्ट्रिय मुक्ति क्रान्ति मुख्यरुपमा क्रियाङ्गी मार्गको रपमा अगाडि बढाइरहेका छौं । यसमा हामी तीनवटा कार्य एकै साथ गरिरहेका छौं । एउटा हामीले यसलाई अभियानको रुपमा अगाडि बढाइरहँदा केको लागि हो भने सांस्कृतिक र सामाजिक परिवर्तनका लागि । अर्को हामीले ज्ञानको निर्माण गर्दैगर्दा अहिलेको गतिविधिबारे जनचेतना जगाइरहेका छौं । सँगसँगै कतिपय ठाउँहरुमा हाम्रा संघर्षका गतिविधिहरु पनि सुरु भइरहेका छन् । तेस्रो हामीले विद्रोहका पनि कुरा गरिरहेका छौं । त्यो विद्रोह भनेको आर्थिक हो । हामीसँग भनेको यहाँ जुन विविधता हामीसँग छ, त्यसैलाई प्रयोग गरेर आफ्नो शासनसत्ता चलाउने हो । त्यो आधारमा जाँदा हाम्रो विविधताको पनि सम्बोधन हुने, अपनत्व महसुस हुने, राष्ट्रिय एकता बलियो हुने र आर्थिक गतिविधि पनि बढाउन सकिन्छ । हामीले आफ्नै शासनसत्ताको अभ्यास हुने गरी अगाडि बढ्यौं भने देशले विकास र समृद्धिमा उल्लेखनीय लक्ष्य हासिल गर्न सक्छ । तीन करोड नेपाली जनताको अनुहारमा हाँसो ल्याउनका लागि हामीले बहुलराष्ट्रिय राज्य स्थापनार्थ राष्ट्रिय मुक्ति क्रान्ति संकल्पसहित अगाडि बढिरहेको छ ।

**० बहुलराष्ट्रिय राज्यले राष्ट्रियता बलियो बनाउँछ ?**

– निश्चितरुपमा बहुलराष्ट्रिय राज्यले नेपालको राष्ट्रिय एकतालाई एकदमै बलियो बनाउँछ । नेपालभित्र रहेका सबै राष्ट्रियताका व्यक्तिहरु आफैमा एकताबद्ध भएर आफ्नो आत्मसम्मान महसुस गरेर काम गर्न पायो भने त्यसले नेपालको राष्ट्रियता झन् बलियो हुन्छ । अहिले कुनै एउटा दुईटा राष्ट्रियताको मात्रै हालिमुहाली रहेको छ । जसले गर्दा उकुसमुकुस, अस्थिरता, चरम भ्रष्टाचार, कानूनको चरम आमजनता हामीसँग जोडिँदै गएका छन् । धेरै मान्छेले पार्टी घोषणा गर्ने बेला जोडिन्छौं भनिरहेका छन् । मान्छेहरु आफै हाम्रो सम्पर्कमा आएर सराहना गरिरहेका छन् । अहिले मान्छेले हामीलाई परीक्षण गरिरहेका छन् ।

**० भनेपछि राष्ट्रिय मुक्ति क्रान्ति अब पार्टीको रुपमा आउँछ ?**

– यसको संकेत हामीले छिट्टै नै दिन्छौं । अहिले नै निर्वाचन आयोगमा गएर राजनीति दल दर्ता गरिहाल्ने पक्षमा छैनौं । तर यो दलकै रुपमा अगाडि बढ्छ भन्ने कुराको पूर्ण विश्वसनीयताका लागि हामी छिट्टै कुनै न कुनै संकेत दिने खालको घोषणा असार ४ गते गर्नेछौं ।

**० असारमा राजेन्द्र महतो फेरि अर्को पार्टी घोषणा गर्नुहुन्छ ?**

– यसका निम्ति पहिला असार ४ गतेको हाम्रो कार्यक्रम के हो भन्ने कुरा सबैले बुझ्नुपर्‍यो । असार ४ गते हाम्रो नेवा राष्ट्रिय परिषद् र स्वनिगः विशेष ब्युरोले आयोजना गर्न लागेको कार्यक्रम हो । त्यो कार्यक्रममा औपनिवेशिक सत्ताले हामीलाई जसरी दास बनाएको छ, त्यो दासत्वबाट मुक्ति प्राप्त गर्ने दिनको रुपमा हामीले असार ४ गतेलाई लिएका छौं । अहिलेसम्म हामीलाई दास बनायो, अब हामीले दासत्व स्वीकार गर्दैनौं, आजबाट हामी स्वतन्त्र छौं भन्ने कुराको सन्देश विश्वजगत्लाई दिन खोजिरहेका छौं । त्यहीं दिनबाट हाम्रो नेवा राष्ट्रिय परिषद्ले आफ्नो स्वशासन विधान पनि घोषणा गर्ने कार्यक्रम रहेको छ ।

**० असार ४ गते तपाईंहरुले घोषणा गर्ने स्वशासन विधान लागू गराउन सक्नुहुन्छ ?**

– त्यो लागू हुन्छ । आदिवासी जनजातिहरुको हकमा संयुक्त राष्ट्र संघले नै छुट्टै कानूनी व्यवस्था गरेको छ । कुनै पनि भूमिको अशल मालिक आदिवासी जनजाति हुन्छन् । त्यसकारण उसले आफूमाथि स्वशासन गर्न पाउनुपर्ने संयुक्त राष्ट्रसंघले मान्यता दिएको छ । त्यहीं संयुक्त राष्ट्रसंघकै मान्यताअनुसार नै हामी आफूमाथि स्वशासन गर्न पाउने प्रावधानलाई टेकेर अभ्यास सुरु गर्ने हो । त्यो प्रारम्भ बिन्दू हुनेछ । अहिले वैश्विक राजनीति पनि सभ्यताकै राजनीति भएकोले ग्लोबल पोलिटिकल वेभले पनि समर्थन गरेको हुनाले सहज बनाउँछ ।

**० राष्ट्रिय राजनीतिक गतिविधिलाई कसरी हेर्दै हुनुहुन्छ ?**

– अहिले राष्ट्रिय राजनीतिमा साह्रै भाँडभैलोको अवस्था छ । अहिलेको मिश्रित निर्वाचन प्रणाली ठिक होइन । पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्दथ्यो, जो संसारकै सबैभन्दा राम्रो प्रणाली हो । यसरी मिश्रित निर्वाचन प्रणाली ल्याएर मान्छेमा समानुपातिकप्रति पनि घृणा हुन थाल्यो । निर्वाचन प्रणालीको मात्रै कुरा होइन, शासकीय स्वरुपको पनि कुरा हो । यस्ता बेथितिहरुले गर्दा अहिलेको अस्थिरता निम्तिएको हो । आज जनताबाट प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख भइदिएको भए जनताप्रति उत्तरदायी हुन्थ्यो । अहिलेका प्रधानमन्त्री जनताप्रति उत्तरदायी छैन । अहिलेको प्रधानमन्त्री भनेको सांसदहरुप्रति उत्तरदायी छ । त्यसकै अंकगणितमा लागेको छ । नेपालको सन्दर्भमा सबैभन्दा दुर्भाग्यको कुरा हो गठबन्धन । यी सबैलाई समाप्त पारेर नयाँ विधि प्रक्रियाबाट मुलुकलाई अगाडि बढाउनुपर्छ । यही बेथिति र व्यवस्थाका कारणले अहिले मुलुकमा अस्थिरता आएको हो ।

**० भनेपछि, प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्री तपाईंहरुको पनि एजेण्डा हो ?**

– हो । तर, हामीले बहुलराष्ट्रिय राज्यमा प्रधानमन्त्रीको कुरा गर्दैन, राष्ट्रपतिको कुरा गर्छ । निर्वाचनको पद्धति सन्दर्भमा तत्काल सच्याउनका लागि पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्छ । पछि हामी बहुलराष्ट्रिय राज्यको अभ्यास गर्दा त्यसको निर्वाचन प्रणाली छुट्टै हुन्छ ।

**० तपाईंहरुले राष्ट्रिय मुक्ति क्रान्ति भन्ने अभियान चलाइरहनुभएको छ, अर्कोतिर डा.सीके राउत नेतृत्वको जनमत पार्टीले "नौलो गणतन्त्र सामाजिक लोकतन्त्र"को घोषणा गर्‍यो । तपाईंहरुसँग कतिको मेल खान्छ ?**

– बिल्कुलै मेल खाँदैन । सुरुमा माओवादीहरुले नौलो जनवाद भनेर अभ्यास गरेको अवस्था थियो, त्यो जनवादलाई नै नौलो गणतन्त्र भनेर परिभाषा गर्न खोजेका छन् । नौलो गणतन्त्रको नाममा जुन विषयवस्तुहरु उठान गरेको छ, त्यो लोकप्रियतावादी सोचले जनताको भलो हुने छैन । अहिले ग्लोबल पोलिटिक्सको वेभ सिभिलाइजेशन हो, पहिचान, अधिकार र स्वशासनको कुरा हो । ती सबै कुरालाई छोडेर उत्तर आधुनिकवादी सोचको आधारमा लोकप्रियतावादी चिन्तनबाट प्रेरित भएर सधैं नयाँ कुरा गर्ने । एउटै मान्छेले एक दशककै अवधिमा धेरै कुरा फेरिसक्यो । नौलो गणतन्त्र भन्ने अनि विषयवस्तु सबै पूरानै राख्ने । राजनीति गर्ने मान्छेले जहिले पनि कारण के हो भन्ने कुरा पत्ता लगाउनुपर्छ र त्यो कारणको समाधान दिने हो ।

**० नौलो गणतन्त्र भनेको स्टन्टबाजी मात्रै हो ?**

– कुनै पनि विचार अगाडि बढाउँदा त्यसको व्याख्या हुनुपर्छ, त्यसको बारेमा विश्व दृष्टिकोण हुनुपर्छ । हल्का ढंगले कुनै कुरा गरेर मान्छेलाई कलिकति भ्रममा पारेर काम गर्नु हुँदैन । तिनको कन्टेन्ट्स विशुद्ध लोकप्रियतावादी चिन्तनबाट अगाडि बढेको हो । लोकप्रियतावादी चिन्तनले आमजनतामा अझ कन्फ्युजन निर्माण गर्छ । मान्छेलाई कन्फ्युजनमा राखेर आफू राजनीति गरिरहने दाउ मात्रै हो ।

# डा.अहिराजद्वारा पृथ्वीनारायण शाहको नाममा छात्रवृत्ति कोष स्थापना

कमल राज पौडेल (देब कमल), बर्दिया । बर्दिया जिल्लाको गुलरिया नगरपालिका वडा नं. ४ अन्तर्गत रहेको बबई बहुमुखी क्याम्पसमा मधेश प्रदेशका पूर्वप्रदेश प्रमुख डा. राजेश अहिराजले राष्ट्र निर्माता पृथ्वीनारायण शाहको नाममा छात्रवृत्ति कोष स्थापना गरेका छन् ।




सोमबार क्याम्पसमा आयोजित एक समारोहमा डा.अहिराजले एक लाख एक हजार रूपैयाँ हस्तान्तरण गरेर “राष्ट्र निर्माता पृथ्वी छात्रवृत्ति कोष” स्थापना गरेका हुन् ।

पूर्वप्रदेश प्रमुख डा.अहिराजले समारोहलाई सम्बोधन गर्दै, बर्दियाका जेहेन्दार विपन्न वर्गका विद्यार्थीलाई यस कोषले पढ्नमा केही सहज होस् भनी जिल्लाकै सबैभन्दा पुरानो र पहिलो क्याम्पसमा छात्रवृत्ति कोषको स्थापना गरिएको बताए ।

उनले मृत्युपछिको जीवनलाई सार्थक बनाउन मानिसले आफ्नो आय-आर्जनको न्यूनतम् दश प्रतिशत सामाजिक सेवामा लगाउनु पर्ने धारणा राखे ।

कार्यक्रममा सो क्याम्पसका क्याम्पस प्रमुख बिरेन्द्र राज लम्सालले यस क्याम्पसमा अध्ययनरत विपन्न तथा जेहेन्दार विद्यार्थीहरूलाई उच्च शिक्षामा सहयोग गर्ने उद्देश्यले प्रारम्भ गरिएको अक्षय कोष रकममा प्राप्त हुने बैंक व्याजबाट प्रत्येक वर्ष पौष २७ गते पृथ्वी जयन्तीको अवसरमा कार्यक्रमको आयोजना गरी छात्रवृत्ति उपलब्ध गराइने कुरा जानकारी गराए ।

यस अघि डा.अहिराजले सप्तरीको रुपनगर नन्दराज संग्रोला क्याम्पसमा कोषको स्थापना गरेका थिए ।

गुलरिया ४ निवासी स्वर्गीय भोजराज बराल र डेउडाकला निवासी तत्कालीन जिल्ला पञ्चायत सभापति सुरेन्द्र चन्द ठकुरीको अथक प्रयासले २०४४ सालमा बबई बहुमुखी क्याम्पसको स्थापना भएको थियो । स्थापना पश्चात बर्दियाका विद्यार्थीहरु उच्च शिक्षाका लागि जिल्ला बाहिर जाने बाध्यात्मक परिस्थितिको अन्त्य भएको हो ।

# मदरसामा शैक्षिक सामग्री वितरण

बर्दिया । मधेश प्रदेशका पूर्वप्रदेश प्रमुख डा.राजेश अहिराजले बर्दिया जिल्लाको गुलरिया-६ स्थित श्री मदरसा असरफिया मसउदुल उलूम आधारभूत विद्यालयमा शैक्षिक सामग्री वितरण गरेका छन् ।



डा.अहिराजले नेपाल एकीकरणमा मुस्लिम समुदायको अहम् भूमिका रहेको भन्दै मदरसामा राष्ट्र निर्माता पृथ्वीनारायण शाहको तस्वीर अंकित पुस्तिका वितरण गरिएको हो ।

‘इतिहासका लेखक र बुद्धिजीवीहरुले नेपाल एकीकरणमा नेपाली मुस्लिमका योगदान र भूमिकाको बारे उचित व्याख्या गरेनन् । सबै समुदाय को साझा त्याग र लगानीमा निर्माण बहेको हाम्रो नेपाल हो यो।’ उनले भनेका थिए ।

साथै डा.अहिराजले मदरसामा गुरु वर्गमा नेपाली झण्डाको लोगो समेत लगाइदिएका थिए ।

डा.अहिराजद्वारा मदरसामा वृक्षरोपण

काठमाडौं । मधेश प्रदेशका पूर्वप्रदेश प्रमुख डा. राजेश अहिराजले बर्दिया जिल्लाको एक मदरसामा वृक्षरोपण गरेका छन् । बर्दिया जिल्लाको गुलरिया-६ स्थित श्री मदरसा असरफिया मसउदुल उलूम आधारभूत विद्यालयमा शैक्षिक सामग्री वितरणपश्चात् वृक्षरोपणसमेत गरेका थिए ।

यसअघि नै डा.अहिराजले तराई-मधेशलाई मरुभूमिकरण हुनबाट जोगाउन वृक्षरोपण गर्न अपिल गरेका थिए ।

## मधेश अपडेट

### कृषिमा आत्मनिर्भर बनाउन किसानसँग पालिका प्रमुख कार्यक्रम

नेपालगन्ज । बाँकेको वैजनाथ गाउँपालिकाले कृषिमा आत्मनिर्भर पालिका बनाउने उद्देश्यले सञ्चालन गरेको किसानसँग पालिका प्रमुख कार्यक्रम प्रभावकारी बनेको सम्बद्ध किसानहरूले बताएका छन् । किसानलाई आवश्यक बीउबिजन, तालिम तथा परामर्शसँगै प्रविधिसँग जोड्न थालेको र खेतीयोग्य जमिन वर्गीकरण गरी अनुदानसँगै सिँचाइ व्यवस्थापनको दीर्घकालीन योजना बनाएर लागेको पालिका अध्यक्ष प्रकाशबहादुर शाहीले बताएका छन् । वैजनाथ गाउँपालिकाका ७० प्रतिशत नागरिक कृषिमा आबद्ध छन् । उनीहरूलाई आत्मनिर्भर बनाउन उनीहरूका घरदैलोमा नै समस्या समाधानको प्रयास भएको हो । स्थानीय नागरिकलाई आत्मनिर्भर बनाउन गाउँपालिकाले किसानसँग पालिका प्रमुख कार्यक्रम सञ्चालन गरेको र उक्त कार्यक्रमका लागि पालिकाले पर्याप्त बजेट विनियोजन गरेको हो ।

### गणतन्त्र दिवसको अवसरमा फलफुल वितरण तथा रक्तदान

इमरान खान, कपिलवस्तु । गणतन्त्र दिवस २०८१ को अवसरमा कपिलवस्तु अस्पताल तौलिहवामा बिरामीहरुलाई फलफुल वितरण तथा रक्तदान कार्यक्रम गरिएको छ। नेपाल रेडक्रस सोसाईटी कपिलवस्तु शाखाको सहकार्य र कपिलवस्तु अस्पतालको आयोजनामा रक्तदान कार्यक्रम गरिएको हो । सो अवसरमा १६ जनाले रक्तदान गरेको अस्पतालका मेसु डाक्टर बिपिन जैसवलाले बताए । प्रमुख जिल्ला अधिकारी विश्व प्रकाश अर्यालले ‘रक्तदान जीवन दान’ भन्ने नारालाई आत्मसात गरी रक्तदानका लागि चाहिने सामग्री हस्तान्तरण गरी कार्यक्रको शुभारम्भ गरेका थिए । कार्यक्रममा कपिलवस्तु नगरपालिकाका मेयर सुदीप पौडेल, प्रहरी उपरिक्षक नवरत्न पौडेल ,पत्रकार महासंघ कपिलवस्तुका अध्यक्ष किरणमान बज्राचार्य नेपाल रेडक्रस सोसाईटीका महामन्त्री सन्तोष श्रीवास्तव, स्वास्थ्य कार्यालयका प्रमुख नारायाण चौधरी लगायतको सहभागीता थियो। दिवस कै अवसरमा अस्पतालमा भर्ना भएका बिरामीहरुलाई कर्मचारी मिलन केन्द्रको अगुवाईमा फलफुल समेत बिररण गरिएको थियो। यस्तै दिवसकै अवसरमा बालगृहमा रहेको ३१ जना बेसाहरा बालकहरुलाई समेत फुलफुल वितरण गरिएको थियो। यस्तै दिवसकै अवसरमा जिल्ला प्रहरी कार्यालयमा वृक्षरोपण पनि गरिएको छ। प्रजिअ अर्याल, प्रहरी उपरिक्ष पौडेलले विरुवा रोपेर कार्यक्रमको शुभारम्भ गरेका थिए ।

### आगलागीपीडितलाई पंखा वितरण

सप्तरी । आगलागीपीडितहरू नेपाली कांग्रेस सप्तरीले जिल्लाको महदेवा गाउँपालिका-१ चिम्टीका अग्नि पीडितहरूलाई एक-एक थान सिलिङ पङ्खा वितरण गरेको छ । कांग्रेसका नेतृ निशु काफ्लेले उपलब्ध गराएको ६६ थान सिलिङ पङ्खा अग्निपीडित परिवारजनलाई वितरण गरेकी हुन् । अहिलेको उखरमाउलो गर्मीबाट थोरै राहत पाउन भनेर अग्नि पीडितहरूलाई सिलिङ पङ्खा उपलब्ध गराइएको नेतृ काफ्लेले बताइन् । राहत वितरण कार्यक्रममा नेपाली कांग्रेसका जिल्ला सभापति रामदेव साह, उपसभापति रामकुमार यादव, सचिव सनतकुमार मण्डल, नेपाल प्रेस युनियन सप्तरीका अध्यक्ष विनयकुमारलाल कर्ण, पूर्वअध्यक्ष ओमप्रकाश शाह, नेपाल विद्यार्थी सङ्घका जिल्ला सभापति राकेश ठाकुर र सो वार्डका वडाध्यक्ष जयश्वरकिशोर दास लगायतकाले पङ्खा वितरण गर्नुभएको हो । गत वैशाख १८ भीषण आगलागी हुँदा चिम्टीका ६६ परिवारका एक सयभन्दा बढी घर जलेर खरानी भएको थियो ।

सूचना ! सूचना !! सूचना !!!

‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
- सार्वजनिक स्थलमा धुम्रपान मध्यपान नगरौं/नगराऔं। हावाहुरीबाट हुने आगलागीबाट बचौं र अरूलाई पनि सावधानी गरौं ।
- लैगिक हिंसा विरूद्धको आवाज बुलन्द गरौं र त्यसको अन्त्य गरौं ।
- वैदेशिक रोजगारमा गएर स्वदेश फर्किसकेपछि एकपटक अनिवार्य रूपमा स्वास्थ्य परीक्षण गराऔं ।
- वातावरण संरक्षणका लागि प्रत्येक घर परिवारले आफ्नो घर वरपर दुइवटा विरूवा अनिवार्य रूपमा रोपी हरियाली, स्वच्छ र सुन्दर बनाऔं ।
- उपभोक्ता आचारसंहिता पालना गरौं ।
- अपांगता भएका नागरिक, जेष्ठ नागरिक र एकल महिलाको परिचयपत्र समयमै लिऔं । अधिकारको पूर्ण उपभोग गरौं ।
- सामाजिक स्वास्थ्य विमा गराऔं र अवसरको फाइदा उठाऔं ।

जलेश्वर नगरपालिका
महोत्तरी, मधेश प्रदेश

सूचना ! सूचना !! सूचना !!!

‘व्यक्तिगत घटना दर्ता गरौ, त्यसबाट हुने फाइदा लिऔं।’

- बालविवाहलाई निरूत्साहित गरौं र विवाह गर्ने उमेर २० वर्षपछि मात्र गरौं / गराउन पहल गरौं ।
- सरसफाईमा ध्यान दिऊँ र फोहोर मैला जथाभावी नफालौं ।
- सार्वजनिक जग्गामा घर / टहरा निर्माण नगरौं र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- कर तिर्नु सबै नागरिकको कर्तव्य हो । ’कर तिरौं सभ्य नागरिकको परिचय दिऔं ।’
- व्यक्तिगत घटना दर्ता समयमै गरौं र आफ्नो सन्ततिको भविष्य सुनिश्चित गरौं ।
- सबै बालबालिकालाई विद्यालय पठाऔं, कुनै बालबालिकालाई शिक्षाबाट बञ्चित नगरौं साथै बालश्रम र शोषणको अन्त्य गरौं ।
- खुला ठाउँमा दिसापिसाव नगरौं र खुला दिसापिसाव मुक्त अभियानमा सहयोग गरौं ।
- साबुन पानीले हात धुनले बानी बसालौं । अरूलाई पनि सिकाऔं ।
